स्थानीय सरकार
अपिहिमाल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला,
सुदूरपश्चिम प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या २०८२-०८३

## करारमा सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना।

सूचना न.४८, सूचना प्रकाशन मितिः-२०८२/०८/०९

वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, व्यवस्थित, मर्यादित एवम् उपलब्धिमूलक बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ । यो कार्यक्रम नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारको द्विपक्षीय पहल हो । कार्यक्रम संघ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा कार्यान्यवन भइरहेको छ । कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ ।

यस कार्यक्रम अन्तर्गत अपिहिमाल गाउँपालिकामा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी गुणस्तरीय सूचनामा पहुँच तथा परामर्श, वैदेशिक रोजगारीसंग सम्बन्धित समस्यामा परेका व्यक्ति तथा उनीहरुका परिवार सदस्यको न्यायमा पहुँचको लागि सहयोग तथा सहजीकरण, तथा मनोसामाजिक परामर्श सेवा संचालन भैरहेका छन् । यसै सन्दर्भमा समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सचेतीकरणका साथै वैदेशिक रोजगारी सम्बन्धी सेवा आवश्यक भएकाले वैदेशिक रोजगारीसँग सम्बन्धित व्यक्ति तथा परिवारको पहिचान गरि त्यस्ता सेवा तथा सुविधा प्राप्तिको लागि सम्बन्धित निकायमा सूचना तथा जानकारी प्रवाह गर्न र मनोसामाजिक परामर्श सेवा प्रवाहको लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेकाले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

१. विज्ञापन नम्बरः- ०३/०८२/०८३

| क्र. सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १. | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ जना | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/ नर्सिङ /मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन |



नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>▪ दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि आवेदन दिन योग्य।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नुपर्ने छ ।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने । |

<u>कार्य अवधिः</u> हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ ।

**परिक्षाको किसिम** : मनोसामाजिक परामर्शकर्ताको हकमा (लिखित, अन्तरर्वार्ता र प्रयोगात्मक) र रिटर्नी स्वयंसेवकको हकमा लिखित र अन्तर्वार्ता

**तलव तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, अनुभवको प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति साथै आफुले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

<u>छनौट प्रक्रिया:</u>

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला,

नि. प्रमुख प्रशासकीय अधिकृत

दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०८२/०८।२३ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

बिरेन्द्र सिंह साउद

नि. प्रमुख प्रशासकीय अधिकृत